नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः२०७३/७४ चलानी संख्याः

## प्रेस वक्तव्य

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०१/२१ को निर्णय अनुसार सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा गठित अधिकारसम्पन्न संघीय प्रशासन पुनःसंरचना समितिको दोस्रो बैठक सामान्य प्रशासन मन्त्री मा. केशव कुमार वुढाथोकीको अध्यक्षतामा बस्यो । बैठकमा समितिका सदस्यहरु पूर्व स्थानीय विकास मन्त्री मा. राजेन्द्र प्रसाद पाण्डे, पूर्व सामान्य प्रशासन मन्त्री मा. रेखा शर्मा, मा. डा. आरजु राणा देउवा तथा पूर्व राज्य मन्त्री श्री भुवन पाठक र सदस्य सचिव सामान्य प्रशासन मन्त्रालयका सचिव श्री मोहन कृष्ण सापकोटाको उपस्थिति थियो । उक्त बैठकमा समिति अन्तर्गतको कार्य समितिका संयोजक माननीय काशीराज दाहाल, श्रीमान कुमार योञ्जन तामाङ्ग, पूर्वसचिव श्री मधुरमण आचार्य र पूर्वसचिव श्री विजय कुमार मल्लिकको समेत उपस्थिति थियो ।

- बैठकमा समितिलाई प्राप्त कार्यादेशहरु अनुरुप नेपालको संविधानको धारा २८५ अनुसार तर्जुमा हुने संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनमा समावेश गर्नुपर्ने आधारभूत मार्गदर्शक सिद्धान्त र नीतिहरुको बारेमा २३ बुँदे सुझाव नेपाल सरकारलाई प्रदान गर्ने निर्णय गऱ्यो ।
- साथै संघीय संरचनामा नेपालको संघीय सरकारमा रहने मन्त्रालय र विभाग तथा केन्द्रिय निकायहरुको संख्या तथा प्रशासनिक संरचनाका विषयमा सुझाव सिफारिश गर्न राज्य व्यवस्था समिति र विभिन्न राजनीतिक दलसँग अन्तरक्रिया गर्ने निर्णय समेत गऱ्यो ।
- बैठकमा स्थानीय निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुलाई संघीयता र स्थानीय स्वायत्त शासनका विषयमा एक हप्ते प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वयमा समितिले आवश्यक पहल गर्ने निर्णय गर्यो ।
- यसका अतिरिक्त समायोजन ऐन नबने सम्मका लागि स्थानीय तहमा तत्काल कर्मचारी व्यवस्थापनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वयमा सामान्य प्रशासन मन्त्रालयले आवश्यक कार्य अघि बढाउने समेत निर्णय गऱ्यो ।

(नन्दराज ज्ञवाली)
उपसचिव एवं उप-प्रवक्ता